आज मिति २०७१ साल पौष १३ गते खाँदबारी नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत श्री युवराज आचार्य ज्यूको अध्यक्षतामा आसन्न १९ औं नगरपरिषदका लागी राय, सल्लाह र सुझाब लिने प्रयोजनका लागी नगरपालिकालाई सहयोग गर्ने बौद्धिक ब्याक्तित्व एवं संस्थाहरुका प्रमुख तथा प्रतिनीधिहरुको समुपस्थितिमा बैठक बसि निम्न अनुशार निर्णय गरियो ।

**उपस्थिती :**

१. श्री युवराज आचार्य — प्रमुख/कार्यकारी अधिकृत

**बिशेष आमन्त्रीत :**

१. श्री खड्गबहादुर चापागाई, — पूर्व प्रशासक एवं नगर बासी

२. श्री बिर बहादुर राई — श्री हिमालय उ.मा.बि. एवं हिमालय क्याम्पस, प्रमुख

३. श्री — श्री बरुण बहुमुखि क्याम्पस, प्रमुख

४. श्री ईश्वर घिमिरे — स्रोत ब्याक्ती, खाँदबारी स्रोत केन्द्र, जि.शि.का.

५. श्री योगराज गाउँले — (हुरेप) मानब अधिकार, वाताबरण तथा जनजागरण संस्था, नेपाल एवं बौद्धिक ब्याक्तित्व

६. श्री भरत घिमिरे — जिल्ला फुटवल संघ, अध्यक्ष, संखुवा सभा ।

७. श्री डम्मरु निरौला — तिनपोखरी युवा क्लव

८. श्री गोपाल घिमिरे — श्री मनकामना रत्न अम्बीका उ.मा.बि., तुम्लीङ्गटार

९. श्री योगराज खड्का — सेवा निबृत्त राष्ट्रसेवक कर्मचारी संगठन सं.स.

१०. श्री शेरबहादुर पुरी — श्री महेन्द्र उ.मा.बि. मानेभन्ज्याङ्ग

११. श्री हेमराज खड्का — श्री महेन्द्र उ.मा.बि. मानेभन्ज्याङ्ग

१२ श्री ताराबहादुर बुढाथोकी — साहित्यकार तथा मकालु साहित्यीक समाज, खाँदबारी

१३. श्री टिका गौली (पूर्णकुमार गौली) — जिल्ला खेलकुद बिकास समिति

१४. श्री मेदीनी घिमिरे — जिल्ला भलिबल संघ, संखुवा सभा ।

१५. श्री दिपेन्द्र कार्की — जिल्ला फुटवल संघ, महासचिव, संखुवा सभा ।

१६ गोपाल प्रसाद निरौला — वागीश्वरी उ.मा.वि. ढुङ्गेधारा

१७. प्रविना श्रेष्ठ — जिल्ला भलिबल संघ

१६ श्री निराकार बज्राचार्य, खाँदबारी युथ क्लव

१७. श्री हेमराज बस्नेत आदर्श मा.बि. पाठकगाउँ

१८. श्री रमेश श्रेष्ठ बिद्योदय संस्कृत मा.बि. तल्लो पाँठा

१९. श्री बिष्णु श्रेष्ठ जिल्ला भलिबल संघ, संखुवा सभा ।

२०. श्री महेश्वरा बज्राचार्य, एकल महिला समाज, संखुवा सभा ।

## संखुवा सभामा कार्यरत पत्रकारहरु :

| सि.नं. | नाम, थर | पद/पत्रिका/T.V. | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ईन्द्र गिरी (इमेज/नेपाल समाचार पत्र/खाँदबारी एफ.एम.) | पत्रकार महासंघ सभापति, | | |
| २ | श्री छेटु शेर्पा | अन्नपुर्ण/जलजला खबर पत्रिका | | |
| ३ | श्री दिपेन्द्र शाक्य | कान्तिपुर/खाँदबारी एफ. एम. | | |
| ४ | श्री प्रेम निरौला | पाखिबास साप्ताहिक/TTV | | |
| ५ | श्री कृष्णराज शाक्य | मेनेजर खाँदबारी एफ.एम. | | |
| ६ | श्री गंगा बिष्ट | NTV/गुराँस एफ. एम. | | |
| ७ | श्री अनिष बिष्ट | सुनाखरि एफ.एम. | | |
| ८ | श्री लाक्पा सांगे शेर्पा | सम्पादक मुढे साप्ताहिक | | |
| ९ | श्री ध्यान कुलुङ्ग | गो.प./गुराँस एफ.एम. | | |
| १० | श्री बिनोद सुब्बा गुरुङ्ग | सगरमाथा TV | | |
| ११ | श्री गोपेन्द्र पोखेल | पाखिबास साप्ताहिक | | |
| १२ | | | | |

**कार्यालय प्रतिनीधिहरु :**

१. श्री खेमराज निरौला सामाजिक बिकास अधिकृत, खाँदबारी नगरपालिका

२. श्री दिनेश कट्टेल सदस्य सचिव (प्रशासकिय अधिकृत)

३. श्री दुर्गा प्रसाद नेपाल नगर शासन बिज्ञ

निर्णय नं. १

यस न.पा.बाट आसन्न १९ औं नगरपरिषद मार्फत निम्न कार्यक्रमहरुमा बिशेष ध्यान एवं प्राथमिकता दिई योजना तथा कार्यक्रमहरु गर्न सिफारिस गर्ने निर्णय गरियो ।

निम्न

- फोहोर मैला व्यवस्थापनको लागी बिशेष पहल गर्ने ।
- नक्सा पास सम्बन्धि कानूनी व्यवस्थालाई कडाईका साथ लागु गर्ने ।
- धार्मीक आस्थाको धरोहरको रुपमा रहेका न.पा. भित्रका धार्मीक क्षेत्रहरुको संरक्षण र बिकास गर्नु पर्ने ।
- बृद्धाआश्रम एवं अनाथ आश्रम निर्माण एवं संचालनको व्यवस्था मिलाउने ।
- नगर सूचना केन्द्रलाई प्रभावकारी वनाउने र नगरपालिकाका अन्य स्थानहरुमा सूचना केन्द्र बिस्तार गर्ने ।
- वडा बजेट बिनियोजन गर्दा बिकासका पूर्वाधारहरुहेरी सूचकको आधारमा बैज्ञानीक रुपमा अनुदान बाँडफाँड गर्ने व्यवस्था मिलाउने ।
- खेलकुदलाई व्यवसायिकता तर्फ उन्मुख गराउन सुबिधा सम्पन्न रंगशाला निर्माण एवं खेल गतिबिधीको बिकाशका लगानी गर्ने ।
- न.पा. भित्रका धार्मिक, सांस्कृतिक एवं पुरातात्बीक महत्वका क्षेत्रहरु र रमणिय स्थानहरुलाई संरक्षण एवं व्यवस्थापन गरि पर्यटकिय गन्तब्य स्थलको रुपमा बिकाश गर्ने ।
- नगर शिक्षा समितिलाई क्रियाशिल बनाउने एवं शैक्षिक क्षेत्रको बिकासमा लगानी बढाउन प्रोत्साहन गर्ने ।
- हरियाली नगर बनाउन पहल एवं योजना निर्माण गर्नु पर्ने ।
- समाधिस्थल र सबबाहन व्यवस्थापन एवं मुर्दा पोल्नका लागी दाउराको अभाव हटाउन बिशेष पहल गर्ने ।
- कृषि सडकको नाममा जथाभावी बाटो खनिएको र यसको व्यवस्थापन एवं संचालन हुन नसकेको देखिएकोले दिगो रुपबाट संचालन हुने र बढि भन्दा बढि सेवा प्रदान गर्न सक्ने सडकहरुलाई स्तर उन्नती गर्दै जाने ।
- अरुण प्रबेश मार्गको एलाईमेन्ट छुट्याउन सरोकारवाला निकायहरु समक्ष समन्वय गर्ने एवं नगर भित्रका सडकहरुको लगत कट्टा गर्न पहल गर्ने ।
- पत्रकारहरुको जनशक्तिलाई क्षमतायुक्त र साधन सम्पन्न बनाउने ।
- लक्षीत बर्गको लागी बिनियोजन हुने बजेट प्रभावकारी कार्यान्वयन गनुपर्ने ।
- अध्ययन अबलोकन भ्रमण गरि न.पा.को चौतर्फी बिकासमा पहल गर्ने ।

- आबधिक योजना निर्माण, सडक गुरुयोजना निर्माण एवं समग्र क्षेत्रको बिकास गर्नको लागी नगरको गुरुयोजना निर्माण गर्नु पर्ने ।
- न.पा. क्षेत्रभित्र नगरपालिकाको स्वामित्वमा रहेका अचल सम्पतिको संरक्षण एवं सुरक्षा गर्ने
- व्यवसायिक कृषि प्रणालीको बिकासमा पहल गर्ने, तत्कालै कृषि उपजमा आत्मनिर्भर रहन कुनै एक खाद्यन्न बाली वा नगदे बालीमा आत्मनिर्भर बन्न लगानी गर्ने ।
- नगरपालिकाले कर असुल उपर गर्दा प्रगतिशिल कर प्रणालीका आधारमा कर निर्धारण र असुल उपर गर्ने व्यवस्था मिलाउने ।
- परिषदलाई राय सल्लाहा एवं सुझाब दिनका लागी स्वायत्त शासन नियमावलीले व्यवस्था गरेका बिभिन्न समितिहरुको गठन र क्रियाशिल बनाउने ।
- सेवा प्रबाह छिटो, छरितो एवं जनमैत्रि बनाउने ।

~~आजको बैठक यहि अन्त्य गरियो~~ ।

- लागु पदार्थ नियन्त्रण र बाल श्रमिक अन्त्य गर्न पहल गर्ने ।
- न.पा. का विभिन्न क्षेत्र, चौक र सार्वजनिक स्थल को सौन्दर्यीकरण गर्ने ।

आजको बैठक यहि अन्त्य गरियो ।